नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

सिन्धुपाल्चोक

☎ : ०११-६२०१०६

☎ : ०११-६२०१३३

पत्र संख्या : प्र.०७७/७८

चौतारा

## प्रेस विज्ञप्ती

मिति २०७८/०३/०१ गते परेको अविरल वर्षापछि आएको बाढीका करण यस जिल्लाको हेलम्बु गाउँपालिका र मेलम्ची नगरपालिका क्षेत्रमा क्षति पुर्याइ मानिसहरु विस्थापित तथा बेपत्ता भएकोमा आज मिति २०७८/०३/१० गते उक्त स्थानमा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी र स्थानीयपालिकाबाट खोज, उद्दार, राहत वितरण, बसोबासको व्यवस्थापन र औषधिउपचारको कार्य भैरहेको ब्यहोरा अनुरोध छ । उक्त बाढीका कारण पुगेको मानवीय तथा भौतिक क्षति, उद्दारको अवस्था तथा राहत वितरणको पछिल्लो विवरण निम्नानुसार रहेको छ ।

| | |
|---|---|
| जम्मा मृतक | ५ |
| आज फेला परेको | – |
| जम्मा घाइते | २ |
| उपचारपछि आज डिस्चार्ज भएको | – |
| सम्पर्कमा नरहेका | २० जना |
| आज सम्पर्कमा आएको | – |

**राहत सामग्री प्राप्त गरेको विवरण :**

| सि.नं. | प्राप्त स्रोत | संख्या | विवरण | राखिएको स्थान | कै. |
|---|---|---|---|---|---|
| १ | संघ/संस्था | ७१ | चामल, दाल, नुन, तेल, मस्यौरा, पोलार, ग्याँस, लत्ताकपडा, औषधी, स्यानिटरी प्याड, टर्च लाइट, टेन्ट, त्रिपाल, कम्मल, चाउचाउ, बिस्कुट, म्याट्रेस, भाँडाकुँडा, थाल, आलु, ब्लयाङकेट, कम्बल, Sleeping Bag, कालो डोरी, जेनेरेटर, बल्ब होल्डर, त्रिपाल लगायतका सामाग्रीहरु | नेपाली सेनाको कालिजंग गणको सुरक्षा गुल्म मेलम्ची | |
| २ | व्यक्तिगत | २२ | | | |

**राहत सामग्री वितरण गरेको विवरण :**

| सि.नं. | मिति | वितरण गर्ने निकाय | विवरण | स्थान | कै. |
|---|---|---|---|---|---|
| १ | २०७८।०३।०९ | राजधानी युवा क्लव नयाँ बसपार्क काठमाण्डौ | चामल- २४ बोरा, तेल- २४ लिटर, नुन- २४ के.जि, दाल- ४८ के.जि, भुजिया- २४ प्याकेट, दालमोठ-२४ प्याकेट, डाडु/पन्यु- ४८ पिस, कराई- २४ पिस, डौक्ची- २४ पिस, मग- २४ पिस, सोलार लाईट- २४ पिस, थाल- ४८ थान, चाउचाउ- २५ काटुन, म्याट्रेस- २४ पिस, बिस्कुट- २४ प्याकेट, चिउरा- २४ प्याकेट। | हेलम्बु गा.पा-२ ,किउल | |
| २ | २०७८।०३।०९ | सुरक्षा निकाय | चामल- ९९ बोरा।, ग्यास- ३२ सिलिन्डर, ग्यास चुल्हो- ३ वटा, तेल- ५ काटुन, खाद्यान्न मिक्स-७४ पोका, दाल- २ बोरा, चाईनिज पाल- ३ सेट | हेलम्बु गा.पा- २ किउलका बसिन्दाहरुलाई | |

प्रशासकीय अधिकृत

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सिन्धुपाल्चोक

☎ : ०११-६२०१०६
☎ : ०११-६२०१३३

पत्र संख्या : प्र.०७७/७८

चौतारा

- भोटेकोशी गा.पा.०२ चित्रे भन्ने स्थानमा अरनिको राजमार्ग खण्डको पहिरो गई क्षति भएको सडकमा मिति २०७८।०३।०७ गते डिभिजन सडक कार्यालय चरिकोटबाट शुरु भएको मर्मत कार्य भइरहेकोमा वर्षातको कारण पुन: भाँसिदै गएकोले हाललाई उक्त कार्य स्थगित गरी आज मिति २०७८।०३।१० गते ऐ. गा.पा.२ स्थित १० किलो भन्ने स्थानमा बाढीले बगाई ल्याएको माटो, ढुंगाले अवरुद्ध भएको सडक खुलाउने कार्य भइरहेको ।
- मेलम्ची न.पा. ११ लगायत नदिले कटान गरिएको विभिन्न स्थानमा नेपाली सेना, सशस्त्र प्रहरी र नेपाल प्रहरीले संयुक्त रुपमा ढुङ्गा, जाली हाल्ने कार्य आज पनि जारी रहेको । साथै, मेलम्ची, चनौटे, तालामाराङ, शेरा लगायतका जोखिममा परेका घरहरुबाट जिन्सी सामग्री तथा नगद सुरक्षित तरिकाले झिकि सुरक्षित ठाँउमा लान सहयोग गरिरहेको । साथै मेलम्ची न.पा. ११ फत्ते एरियामा नेपाल विद्युत प्राधिकरण मेलम्ची र सशस्त्र प्रहरी बल, नेपालद्वारा संयुक्त रुपमा विद्युतको पोलहरु गाड्ने कार्यहरु भइरहेको ।
- मिति २०७८।०३।०८ गतेबाट चौतारा अस्पतालको चिकित्सकको नेतृत्वमा हेलम्बु गा.पा.को स्वास्थ्यकर्मी सहितको टोलीले हेलम्बु गा.पा.कार्यालयको प्रागंणमा स्वास्थ्य शिविर संचालन गरिएको ।
- मिति २०७८।०३।०९ गते अन्दाजी २०;०० बजेको समयमा जिल्ला सिन्धुपालचोक बाह्रविसे न.पा.वडा नं.९ अरनिको राजमार्गको जुरे स्थितमा अविरल बर्षाको कारण बाटो भन्दा माथि बाट बगी आएको भेलले ३ वटा मोटर साईकल र १ वटा स्कुटर बगाई लगेकोमा मिति २०७८।०३।०९ गते १ बटा मो.सा लाई ऐ स्थित लेदोमा पुरिएको अबस्था बाट झिकिएको र आज मिति २०७८।०३।१० गते घीटना स्थल बाट अं ३ कि. मि तल १ वटा मोटरसाईकल फेला परेको । सो सडक खण्डमा हाल पुर्णरुपमा बाटो संचालन भइरहेको ।
- मिति २०७८।०३।०९ गते अ. २१:४० बजेको समयमा जिल्ला सिन्धुपाल्चोक सुनकोसी गा.पा. वडा न. ७ टोलमा अविरल वर्षाको कारण वस्ती भन्दा माथी रहेको कापीङ जंगलबाट लेदो आई भेल बगी बस्तीमा पसेको कारण १४ घर धुरी जोखीममा रहेको ।
- मिति २०७८।०३।१० गते जिल्ला सिन्धुपाल्चोक भोटेकोशी गा.पा-४ च्याङडाडा मुनि स्याउल टोलमा जमिन भासिएको र जमिन चिरा परेको हुँदा ४ घर जोखीममा रहेको ।
- मिति २०७८।०३।१० गते नेपाली सेनाका डा.सह सेनानी सुमन थापाको नेतृत्वमा शान्ति तालिम केन्द्र पाँचखालबाट खटी आएको स्वास्थ्यकर्मीको टोली र प्रदेशबाट डा.सृष्टि कोईरालाको नेतृत्वको संयुक्त टोलीले हेलम्बु गा.पा.०७ ईचोक महांकालमा विस्थापितहरुलाई लक्षित गरी स्वास्थ्य शिविर संचालन गरिएको ।
- मिति २०७८।०३।०९ गते नेपाली सेनाको टोलीद्वारा हेलम्बु गा.पा. ०२ -०७ जोड्ने चनौटे चुरेटार स्थित जोखिममा रहेको रातो पुल संरक्षणको लागि पुलको दाँयावाँया दुवैतिर तारजालीमा ढुंगा भरी पर्खाल बनाउने काम सुरु गरिएकोमा आज पनि जारी रहेको ।
- मिति २०७८।०३।१० गते अं ११;०० बजेको समय बाट नेपाल प्रहरी अस्पताल महाराजगंज बाट प्राविधीक प्रहरी वरिष्ट उपरिक्षक को नेतृत्वमा ग्यालथुम चिलाउने घारी स्थिमा ३ दिने स्वास्थय शिविर सुरु भएको ।
- मिति २०७८।०३।१० गते १४:१० बजे बाट १०० ग्रुप , ज्ञानगंगा फार्मेसी लगाएत-१ वटा मेडीकल टिमले हेलम्बु गा.पा- ४ ग्यालथुम बजारमा साधारण स्वास्थय परिक्षण तथा औषधी बितरण शिविर संचालन गरेको ।

मिति : २०७८/०३/१०

सुनिता पहरी
प्रशासकीय अधिकृत